नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं.:-०१-४२११४४०
सिंहदरबार, काठमाडौं
नेपाल

प.सं.:औ.प्र./लगानी/२०७९/८०
च.नं.: औ.प्र. २०३

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

नीति अनुसन्धान प्रतिष्ठान
दर्ता नं. ९९८/०७९/८०
मिति: २०७९/११/१८

मिति: २०७९/११/१५

विषयः राय प्रतिक्रिया सम्बन्धमा।

श्री नीति अनुसन्धान प्रतिष्ठान,
नारायणहिटी, काठमाण्डौं।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट मस्यौदा गरिएको राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९ को संलग्न मस्यौदामा तहाँको राय प्रतिक्रिया सात दिन भित्र उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ।

[signature] २०७९/११/१५
(रजिन पराजुली)
शाखा अधिकृत

श्री अनुसन्धान ११।१५

PRI को स्थापित प्रक्रिया अनुसार ७ दिन भित्र राय पठाउन नसकिने, ४५ दिन [illegible] समय लाग्ने व्यहोरा उल्लेख गरी पठाउन र प्रमुख [illegible] गर्ने।

[signature] २०७९/११/१८

# राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९

(मस्यौदा)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

# विषयसूचि


१. पृष्ठभूमि ........ 1

२. विगतका प्रयास ........ 1

३. वर्तमान अवस्था ........ 2

४. समस्या, चुनौती र अवसर ........ 2

५. स्टार्टअप नीतिको आवश्यकता ........ 3

६. दूरदृष्टि ........ 3

७. लक्ष्य ........ 3

८. उद्देश्य ........ 4

९. रणनीति ........ 4

१०. नीति तथा कार्यनीति ........ 4

११. स्टार्टअप उद्यम व्यबसायको परिभाषा ........ 10

१२. संस्थागत व्यवस्था ........ 12

१३.आर्थिक पक्ष ........ 17

१४. कानूनी व्यवस्था ........ 17

१५. अनुगमन र मूल्यांकन ........ 17

१६ जोखिम ........ 18

१७. वाधा अड्काउ फुकाउ: ........ 18

१८. स्पष्टिकरण प्रयोजनको लागि परिभाषा ........ 19

# राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९

## १. पृष्ठभूमि

सूचना प्रविधिको वढ्दो प्रयोग एवं नवीन व्यावसायिक सोंचले उद्यमशिल संस्कारको विकास भैरहेको छ। स्टार्टअपमा आधारित व्यावसाय थालनी गर्ने र सञ्चालनमा रहेको स्टार्टअपलाई स्तरोन्नति गर्न चाहने उद्यमीलाई आवश्यक ज्ञान, सीप, प्रविधि र अनुभव हस्तान्तरण गर्न, वित्तीय पहुँच र सहयोग बढाई स्टार्टअप अनुकुल ईकोसिस्टम विकास गर्नु जरुरी भएको छ। उपर्युक्त पृष्ठभूमिमा स्टार्टअप प्रवर्द्धनका लागि विद्यमान नीतिगत रिक्तता पुरा गर्न स्टार्टअप सम्वन्धी राष्ट्रिय नीति तर्जुमा गरी संघ, प्रदेश र स्थानीय तहलाई आ–आफ्नो कार्यक्षेत्रमा स्टार्टअप उद्यम व्यबसाय अनुकुल वातावरण निर्माण गर्न एवं नव-उद्यमीमा रहेको नविन सोच र ज्ञानलाइ उद्यमको रुपमा रुपान्तरण गरी उद्यमशीलताको प्रबर्द्धन गर्न आवश्यक देखिएकोले राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९ जारी गरिएको छ।

## २. विगतका प्रयास

पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) मा स्टार्टअप व्यवसायमा संलग्न हुने युवा उद्यमीलाई व्यवसाय शुरुवात गर्न व्यवसाय शुरुवाती कोष र सहुलियतपूर्ण कर्जा प्रवाह गरी वित्तीय पहुँच सुनिश्चित गर्न वैंक तथा वित्तीय संस्थाहरुसंग सहकार्य गर्ने, युवालाई व्यावसायिक शिक्षा र सीप विकासका अवसर दिने, उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने, युवा उद्यमशीलताका लागि संघ, प्रदेश र स्थानीय तहवीच सहकार्य गर्ने, युवामैत्री उद्यमशीलता सम्वन्धी परामर्श र प्राविधिक सेवा उपलव्ध गराउने रणनीति तथा कार्यनीति उल्लेख गरिएका छन्। स्टार्टअप व्यवसायको प्रवर्द्धन एवं उद्यमशिलताको लागि आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य मार्फत परियोजनाकै धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न रु. १ अर्व विनियोजन गरिएको, नविनतम ज्ञान, सीप र क्षमता भएका उद्यम र व्यवसाय सञ्चालन गर्न शुरुवाती पूँजी उपलव्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था गरिएको थियो।

त्यसैगरी आर्थिक वर्ष २०७७/७८ को बजेटमा शुरुवाती पूँजिको माध्यमवाट स्टार्टअप उद्यम तथा व्यवसायको प्रवर्द्धनका लागि महत्वपूर्ण अवधारणासहित कार्यक्रम जारी भएको थियो। नव प्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई दुई प्रतिशत व्याज दरमा सहुलियत ऋण उपलव्ध गराइने, नवप्रवर्तन शुरुवाती पूँजीका लागि रु.५० करोडको व्यवस्था गर्ने, युवा उद्यमशीलता विकासका लागि सबै प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापना गर्ने घोषणा भएको थियो। स्टार्टअप सम्वन्धी स्पष्ट नीतिको अभावका कारण उक्त कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन। आर्थिक वर्ष २०७८/७९ को वजेट वक्तव्यमा युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी एक प्रतिशत व्याजदरमा रु.२५ लाखसम्म बीउपूंजी कर्जा उपलव्ध गराईने व्यवस्था गरेको थियो। त्यस्तै स्टार्टअप व्यवसायको दर्ता, नविकरण तथा अन्य सेवा एकद्धार प्रणालीबाट मिलाउने, स्टार्टअप व्यवसायमा वैदेशिक लगानी भित्राउन नीतिगत सहजीकरण गर्ने र स्टार्टअपका लागि रु.१ अर्वको च्यालेन्ज फण्ड स्थापना गर्ने थप विशेष व्यवस्था समेत गरेको थियो। यद्यपी उक्त व्यवस्था कार्यान्वयन हुन सकेन।

त्यसैगरी, आर्थिक वर्ष ०७९।८० को वजेट वक्तव्यमा "युवा उद्यमशीलता विकास गर्न र नवप्रवर्तन प्रवर्द्धन गर्न स्टार्टअप व्यवसायमा शुरूवाती पुजी उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिनुको साथै यस कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी सुधार गर्ने, परियोजनाको आधारमा ऋण सहयोग तथा अनुदान उपलव्ध गराउने, यस्ता व्यवसायमा भेन्चर क्यापिटल मार्फत पुजीं व्यवस्थापन गर्ने, युवा उद्यमी तथा वैदशिक रोजगारीबाट फर्केका व्यक्तिबाट संचालन हुने व्यवसायलाई प्रोत्साहन गर्न च्यालेन्ज फण्ड स्थापना गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने विषयहरु उल्लेख भएका छन् ।

## ३. वर्तमान अवस्था

विश्व स्टार्टअप इकोसिस्टम प्रतिवेदन, २०२० बमोजिम विश्वभर रहेको स्टार्टअप व्यवसायको आकार तीन ट्रिलियन अमेरिकी डलर पुगेको छ । संसारका हरेक देशका सबैभन्दा ठूला कम्पनीमध्ये सात कम्पनी सूचना प्रविधि सम्बद्ध व्यवसाय भएको तथ्यवाट उद्यमशीलता प्रवर्द्धनमा प्रविधिको महत्व स्वयंमा स्पष्ट हुन्छ। स्टार्टअपका क्षेत्रमा अन्य एशियाली राष्ट्रले पनि निकै छिटो प्रगति गरिरहेका छन् ।

इण्टरनेट र स्मार्टफोनको प्रयोग र विस्तारले नव-उद्यमीहरुको उद्यमशीलता प्रतिको चाख र आकर्षणमा ज्यामितीय ढंगले वृद्धि भएको छ । विशेषत: विश्वव्यापीकरणको प्रभावस्वरुप प्रविधिको विकास र नवप्रवर्तनकारी परिवर्तनबाट युवालाई उद्योग वा व्यवसाय शुरु गर्न प्रेरणा मिलेको छ । विश्वव्यापी रुपमा उद्यमशीलता प्रवर्द्धनका क्षेत्रमा विकसित नविनतम उपलव्धीलाई प्रयोग गर्न नेपाली युवा पनि सक्षम र उत्प्रेरित भएका छन् । 'म्यापिङ्ग अफ नेपाल्स इभोल्भिङ्ग स्टार्टअप इकोसिस्टम, २०१९ का अनुसार, "नेपालमा अहिले करीब ४००-४५० स्टार्टअप व्यवसाय इन्क्यूबेसन र एक्सिलेरेसनको प्रकृयाबाट अघि बढिरहेका र ती मध्ये अधिकांश काठमाण्डौं उपत्यकामा केन्द्रीत रहेका देखिन्छन् । स्टार्टअप व्यवसायमा इक्विटी वा ऋणमा लगानी गर्न सीमित संख्यामा भेन्चर क्यापिटल, प्राइभेट इक्विटी तथा इन्भेष्टमेण्ट कम्पनीहरु सक्रिय रहेका छन्"।

नेपाली स्टार्टअपमा लगानी गर्न विगत केही वर्षदेखि विदेशी प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फर्म नेपालमा क्रियाशील छन् । सरकारी तवरवाट स्टार्टअप व्यवसायलाइ प्रवर्द्धन गर्न नेपाल सरकारका विभिन्न निकाय मार्फत स्टार्टअप सम्वन्धी कार्यक्रम संचालन भैरहेका छन् ।

## ४. समस्या, चुनौती र अवसर

स्टार्टअप सम्वन्धी सहजीकरण तथा नियमन सम्बन्धी कानूनको अभाव, नियामक निकायको अन्यौलता, वित्तीय सहयोगको अभाव, सम्भाव्य लगानीकर्ताको न्यून उपस्थिति, सरकार तथा अन्य सरोकारवालाबाट प्राप्त हुनु पर्ने छुट, सुविधा, सहुलियत र प्रोत्साहनको न्यूनताका कारण स्टार्टअप व्यवसाय अपेक्षित रुपमा प्रवर्द्धन गर्न सकिएको छैन् । उद्योग व्यवसायसंग सम्वन्धित विद्यमान कानून तथा नीतिमा स्टार्टअप उद्यम व्यवसायलाई नै प्रवर्द्धन गर्ने छुट्टै व्यवस्था छैन । संघीय सरकारका विभिन्न निकायका साथै प्रदेश र स्थानीय तहले उद्यमीको नवप्रवर्तनकारी सोचलाई प्रवर्द्धन गर्न सञ्चालित कार्यक्रम एकिकृत रुपमा प्रभावकारी ढङ्गवाट सञ्चालन हुनु नसक्नु, युवामा उद्यमशील संस्कृतिको अपेक्षित रुपमा वृद्धि गराउन नसक्नु, सरकारले घोषणा गरेको प्रतिष्पर्धी खुला कोष (Challenge Fund) कार्यान्वयनमा आउननसक्नु, व्यवसाय शुरु गर्न आधार पूँजी(Startup Fund) कम हुनु एवम् व्यवसाय सम्वर्द्धन केन्द्र (Business

Incubation Centre) संस्थागत हुन नसक्नु लगायतका समस्या जीवन्त रहेकाछन। स्टार्टअप उद्यमीलाई नविन प्रविधि तथा वजार मूल्य श्रृखंलासगं आवद्ध गराउन नसक्नुका अतिरिक्त स्टार्टअप सम्बन्धी इकोसिस्टमका लागि अत्यावश्यक हुने इन्क्यूबेटर, एक्सिलेरेटर, लगानीकर्ता र स्टार्टअपकर्ताबीच हुन पर्ने आपसी समन्वय र साझेदारीको अभाव रहेको छ । स्टार्टअपकर्तालाई चाहिने राम्रा प्रशिक्षक र मेन्टरको कमी अझै पनि रहेको छ। बैंक तथा वित्तीय संस्थामा हुने लामो र झन्झटिलो प्रकृया, कर्जाको लागि सम्पत्ती धरौटी राख्नु पर्ने शर्त र उच्च व्याज दर स्टार्टअपकर्ताका लागि बाधक हुने गरेको छ। प्रारम्भमा स्टार्टअपकर्ताले राम्रा लगानीकर्ता पाईरहेका छैनन भने प्राईभेट इक्विटि र भेन्चर क्यापिटल फर्मले ठूलो लगानी ग्रहण गर्न सक्ने उपयुक्त स्टार्टअप पाईरहेका छैनन।

मुलुकले संघीय शासनप्रणाली अवलम्वन गरे पश्चात उद्योग दर्ता,व्यवसाय र रोजगार सम्वन्धी सेवा प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुनु, कानून र संस्थागत संरचनाहरुको स्थायी प्रवन्ध हुनु, वित्तीय क्षेत्रको दायरा फराकिलो हुनु, उद्यम क्षेत्र र रोजगारी श्रृजना सरकारको प्राथमिकतामा पर्नु, औद्योगिक पूर्वाधारको विकास र विस्तार हुनुका साथै युवा जनशक्ति प्रविधिमैत्री भएको कारण स्टार्टअप व्यवसाय प्रवर्द्धनको संभावना उच्च रहेको छ।

## ५. स्टार्टअप नीतिको आवश्यकता

नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामुलक विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको विकासका लागि नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी उद्योग र लगानीलाई प्राथमिकता दिने जस्ता विषय मार्गदर्शक तथा मूल नीतिगत व्यवस्थाको रुपमा रहेका छन् । नव उद्यमीहरुको नविन सोच र अवधारणालाई स्टार्टअप उद्यम व्यबसायमा रुपान्तरण गर्ने संबन्धमा नेपाल सरकारको आवधिक योजनाले राखेका उद्धेश्य, बार्षिक बजेटहरु मार्फत घोषणा भएका कार्यक्रमहरुलाई संचालन गर्न स्पष्ट मार्गदर्शन गर्नुका साथै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबाट बिभिन्नरुपमा संचालित स्टार्टअप कार्यक्रमहरुलाई व्यबस्थित गरि स्टार्टअप व्यवसाय मार्फत रोजगारी सृजना ,आर्थिक क्रियाकलापमा अभिवृद्धि तथा फराकिलो र दिगो अर्थतन्त्र निर्माणमा योगदान पुर्याउन स्टार्टअप संबन्धि छुट्टै नीतिको आवश्यकता महशुस भएको छ।

## ६. दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र नीति तथा कार्यनीति

### ६.१ दूरदृष्टि

नवप्रवर्तनकारी सोच र सृजनशिलता सहितको स्टार्टअप उद्यम व्यवसायलाई प्रवर्द्धन गरी रोजगारी तथा स्वरोजगारीका अवसर विस्तार गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने ।

### ६.२ लक्ष्य

नवप्रवर्तन र सृजनशील व्यावसायिक सोचलाइ कार्यान्वयन गर्न स्टार्टअप उद्यम व्यवसाय मार्फत रोजगारी सृजना र बस्तु तथा सेवाको उत्पादन एवम् उत्पादकत्व अभिबृद्धि गरी नवप्रवर्तन र उद्यमशीलताको विकास गर्ने ।

६.३ उद्देश्य

यस नीतिका उद्देश्य देहायवमोजिम हुनेछन्:

(१) स्टार्टअप उद्यम व्यवसायको विकास, प्रवर्द्धन एवं सहजिकरण गर्न कानुनी, संस्थागत, संरचनागत प्रवन्ध गर्नुका साथै पूर्वाधार निर्माण तथा विकास गर्ने,

(२) स्टार्टअप उद्यमको प्रवर्द्धन तथा विकासका लागि वित्तीय तथा गैर वित्तीय सुविधा उपलव्ध गराउने,

(३) स्टार्टअप उद्यमको लागि पूंजीको पहिचान, स्वदेशी तथा विदेशी लगानीमा वृद्धि, व्यबस्थापनमा सहयोग र सहजीकरण गर्ने,

(४) स्टार्टअप इकोसिस्टमका लागि सरोकारवालाको क्षमता विकास, साझेदारी प्रवर्द्धन र जनशक्ति व्यबस्था गर्ने,

(५) स्टार्टअप उद्यमलाई विदेशमा समेत व्यवसाय विस्तारको सम्भावनालाई प्रोत्साहित गर्ने ।

७. रणनीति नीति तथा कार्यनीति

दफा ६ मा उल्लेख भएका उद्धेश्य हासिल गर्न देहाय बमोजिमका रणनीति नीति तथा कार्यनीति अवलम्वन गरिनेछ ।

**रणनीति १ : औद्योगिक व्यवसायसंग सम्बन्धित विद्यमान कानूनहरुलाई स्टार्टअप उद्यम व्यवसायमैत्री हुने गरी संशोधन र आवश्यकता अनुसार नयाँ कानुन तर्जुमा गर्ने (उद्येश्य १ संग सम्वन्धित)**

**८. नीति तथा कार्यनीति**

८. १. स्टार्टअप उद्यमको परिभाषालाइ औद्योगिक व्यवसाय ऐनमा समावेश गरी प्रचलित औद्योगिक व्यवसाय ऐनमा संशोधन गरिनेछ ।

८.२. भेन्चर क्यापिटल र प्राईभेट इक्विटी (निजी शेयर-सम्पत्ती) फण्डहरुलाई स्टार्टअपमा लगानी वढाउन र सहजीकरण गर्दै लगानीको प्रवेश र वहिर्गमन (Entry and Exit) गर्ने व्यवस्थाको लागि मौजुदा कम्पनी ऐन-२०६३, दामासाही सम्वन्धी ऐन -२०६३, आयकर ऐन-२०५८, विदेशी लगानी तथा प्रविधी हस्तान्तरण ऐन-२०७५, औद्योगिक व्यवसाय-२०७६, धितोपत्र सम्वन्धी ऐन -२०६३, साझेदारी ऐन-२०२०, विदेशी विनिमय (नियमित) गर्ने ऐन-२०१९, लगायतका कानूनमा आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गरिनेछ ।

८.३. प्राइभेट इक्विटी फण्ड, भेन्चर क्यापिटल र क्राउड फण्डीङबाट नेपालमा सञ्चालन हुने वा भइरहेका स्टार्टअप उद्यम वा व्यवसायमा लगानीको अनुकूल वातावरण निर्माण गर्न आवश्यक कानून निर्माण, संशोधन एवं परिमार्जन गरिनेछ ।

८.४. स्टार्टअप व्यवसायले धितोपत्र बजारबाट लगानी परिचालन गर्न प्राथमिक शेयर निष्काशन गर्न सक्नेछन । धितोपत्र जारीगर्न अन्य उद्योग वा कम्पनीले पूरा गर्नु पर्ने शर्तको तुलनामा स्टार्टअपका हकमा सहज शर्तसहित यस्तो व्यवस्था गर्ने गरि धितोपत्र ऐन लगायतका अन्य सम्वद्ध कानुनमा संशोधन एवं परिमार्जन गरिनेछ ।

८.५. औद्योगिक सम्पत्ति संरक्षण मार्फत वस्तु तथा सेवाजन्य स्टार्टअप व्यवसाय वा उद्योगलाई प्रवद्धर्न गर्न पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन, २०२२ लाई संशोधन एवं परिमार्जन गरिनेछ।

८.६. स्टार्टअप उद्यमको प्रवेश र वहिर्गमन (Entry and Exit) लाई सरलीकृत गरिनेछ ।

**रणनीति २: स्टार्टअप उद्यम व्यवसाय प्रवर्द्धन गर्न संस्थागत व्यबस्था र आवश्यक पूर्वाधार विकास गर्ने (उद्देश्य १ संग सम्वन्धित)**

**८. नीति तथा कार्यनीति**

८.७. स्टार्टअप उद्यम व्यवसाय प्रवर्द्धन तथा सहजीकरणको लागि संघीय तहमा नेपाल स्टार्टअप परिषद गठन गरिनेछ । उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय स्टार्टअप उद्यम व्यवसाय संबन्धी सम्पर्क मन्त्रालयको रुपमा रहनेछ ।

८.८. स्टार्टअप उद्यम व्यवसायको बिकास, प्रवर्द्धन र व्यवस्थापन तथा स्टार्टअप अनुकुल इकोसिस्टम निर्माणका लागि गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आफु अन्तर्गतका मौजुदा संरचनाहरु परिचालन गर्न सक्नेछ । अर्को व्यवस्था नभएसम्मका लागि यो कार्य उद्योग विभागवाट सन्चालन हुनेछ ।

८.९. स्टार्टअप उद्यमलाई प्रवर्द्धन गर्न संघ लगायत सातै प्रदेशमा व्यवसाय सम्वर्द्धन केन्द्र (विजनेश इन्कुवेशन सेन्टर), इन्नोभेशन सेन्टर, विजनेश ल्यावको स्थापना र गतिप्रदायक कार्यक्रम (एक्सिलेरेटर प्रोग्राम ) सन्चालन सहित स्टार्टअप प्रशिक्षक तथा मेन्टरको व्यवस्था गरिनेछ ।

८.१०. प्रदेश र स्थानीय तहमा स्टार्टअप दर्ता, नविकरण, स्तरोन्नती,मर्जर,खारेजी तथा स्टार्टअप उद्यम प्रवर्द्धन, नियमन, समन्वय तथा अनुगमनको व्यवस्था र स्टार्टअप अनुकूल इकोसिस्टम संचालन गर्न आवश्यक संस्थागत व्यवस्था संबन्धित प्रदेश र स्थानीय तहले गर्न सक्नेछ ।

८.११. स्टार्टअप सम्वन्धी कार्यक्रम सञ्चालन गर्न उद्योग विभागले छुट्टै 'स्टार्टअप नेपाल'नामक पोर्टल विकास गरी प्रयोगमा ल्याउनेछ । पोर्टलमा सबै प्रदेश सरकार र स्थानीय तहवाट सञ्चालित स्टार्टअप सेवालाई अन्तरआवद्ध गरी स्टार्टअप उद्यमीलाई अनलाइन सेवा तथा जानकारी उपलव्ध गराइनेछ ।

**रणनीति ३ : स्टार्टअप उद्यम व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न स्किमहरु जस्तै; करमा छुट तथा सहुलियत, विउ पूँजिको व्यवस्था, सहुलियतपूर्ण ऋण, निर्यातमा नगद अनुदान, जनशक्ति विकास तथा प्राविधिक सहयोग लगायतका वित्तीय तथा गैर वित्तीय सुविधा र सहयोग उपलब्ध गराइने (उद्देश्य २ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.१२. स्टार्टअप उद्यमी वा व्यवसायीहरुलाइ प्रदान गरिने छुट, सुविधा, सहुलियत र प्रोत्साहनका सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गरिनेछ। कानून बमोजिम उपलब्ध हुने छुट, सुबिधा, सहुलियत तथा प्रोत्साहन सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न छुट्टै कार्यविधि तयार गरी लागू गरिनेछ।

८.१३. विद्यमान स्टार्टअपको कारोबारलाई स्तरोन्नती गरी व्यवसायको विकास र विस्तार गर्न वित्तीय सहयोग उपलब्ध गराइनेछ। स्टार्टअप उद्यमको विकास र सञ्चालनका लागि वित्तीय सहयोग एवम् प्रोत्साहन गर्ने निजी क्षेत्रका प्रतिष्ठान तथा फर्मलाइ विशेष कर सहुलियत प्रदान गरिनेछ।

८.१४. स्टार्टअप उद्योग वा व्यवसायको दर्ता र नविकरण एवम् औद्योगिक सम्पत्तिको दर्तामा लाग्ने शुल्क शतप्रतिशत छुट दिने कानुनी व्यवस्था गरिनेछ।

८.१५. स्टार्टअप उद्यम व्यवसायको संस्थापकका साथै एन्जल इन्भेष्टर, भेन्चर क्यापिटल र इक्विटी इन्भेष्टरलाई समेत तत् तत् पक्षले लगानी थालेको मितिदेखि बढिमा ५ वर्षसम्म आफ्नो नामको शेयर विक्री गर्दा भुक्तानी गर्नुपर्ने पूँजीगत लाभकरमा छुट दिन कानूनी व्यवस्था गरिनेछ।

८.१६. स्टार्टअप उद्यमलाई व्यवसाय प्रवर्द्धन सम्वन्धी विभिन्न स्किमहरु जस्तै विउपूंजी, जनशक्ति विकास,परामर्श तथा प्रविधि सहयोग,सहुलियतपूर्ण ऋण, निर्यातमा नगद अनुदान लगायत अन्य उद्यमलाइ प्रदान गरिएको सहुलियत तथा सुविधा उपलब्ध गराईनेछ।

८.१७. स्टार्टअप उद्यम वा व्यवसाय सञ्चालन गरि मुनाफा गरेको ३ वर्षसम्म आयकरमा शतप्रतिशत छुट दिने कानुनी व्यवस्था गरिनेछ।

८.१८. स्टार्टअप उद्यम व्यवसायमा सहज ढंगले वित्तीय श्रोतको प्रवन्ध गर्न वाणिज्य वैंक तथा विकास वैंकहरुलाई सस्तो व्याजदरमा कर्जा उपलब्ध गराउन तथा निश्चित प्रतिशत लगानी स्टार्टअप उद्यम व्यवसायमा गर्नेगरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

**रणनीति ४ : स्टार्टअप गर्ने उद्यमीहरुलाई वित्तीय सहयोग गर्ने उद्देश्यले 'नेपाल स्टार्टअप कोष' नामक एक छुट्टैकोषको व्यवस्था गर्ने (उद्येश्य २ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.१९. नेपाल सरकारले संघीय तहमा स्टार्टअप उद्यमीलाई वित्तीय सहयोग गर्ने उद्देश्यले 'नेपाल स्टार्टअप कोष' नामक एक छुट्टैकोषको व्यवस्था गरिनेछ। उक्त कोषमा सरकारी,निजी तथा गैर सरकारी क्षेत्रका विभिन्न स्रोतवाट रकम जम्मा गरिनेछ।

८.२०. नेपाल स्टार्टअप कोषवाट स्टार्टअप उद्यम वा व्यवसायलाई परियोजना धितोमा सहुलियतपूर्ण स्टार्टअप कर्जा उपलव्ध गराईनेछ । संघीय सरकार एवं विकास साझेदारबाट स्टार्टअपको प्रवर्द्धन र विकासका लागि गरिने लगानी "नेपाल स्टार्टअप कोष" मार्फत एकद्वार प्रणालीबाट लगानी गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

८.२१. प्रतिष्पर्धाका आधारमा संभाव्य स्टार्टअप उद्यमी व्यवसायीले पेश गरेको परियोजना प्रस्तावमा नवप्रर्वतनकारी सोच, व्यवसायको तीव्र वृद्धि वा विस्तारको संभाव्यता, उत्पादन हुने वस्तु तथा सेवाको परिमाण र गुणस्तर, बजार प्रवेशको आधार र अवस्थाको व्यवसायिक परीक्षण गर्न आवश्यक पर्ने एक निश्चित प्रतिशत रकम स्टार्टअप कोषवाट उपलव्ध गराईनेछ।

८.२२. प्रचलित औद्योगिक व्यवसाय ऐनमा तोकेबमोजिम उद्योगहरुले हरेक वर्ष आर्जन गरेको खुद मुनाफावाट संस्थागत सामाजिक उत्तरदायित्व वहनका लागि गर्नुपर्ने खर्चको क्षेत्र निर्धारण गर्दा स्टार्टअप उद्यमको विकास र विस्तार सम्वन्धी कार्यमा गरेको खर्चलाइ समावेश गरिनेछ । तर, यसरी स्टार्टअपका लागि गरिने खर्च प्रतिष्ठान स्वंयले नगरी नेपाल स्टार्टअप कोषमा जम्मा गरेमा सो रकम कर प्रयोजनको लागि खर्च कट्टी गर्न दिईनेछ ।

८.२३. प्रदेश सरकार र स्थानीय तहले छुट्टाछुट्टै स्टार्टअप कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछन । यसरी स्थापना गरिएको कोषमा संघवाट प्राप्त रकम, प्रदेश सरकार र स्थानीय तहवाट प्राप्त रकम, विभिन्न संघ संस्थावाट प्राप्त रकम, वैदेशिक सहयोग अन्तर्गत स्टार्टअप उद्यमको प्रवर्द्धनका लागि प्राप्त भएको रकम जम्मा गर्न सकिने छ । यसरी वैदेशिक सहयोग प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।

८.२४. स्टार्टअप उद्यम व्यवसायलाई आवश्यक पूंजी त्यस्ता स्टार्टअप आवद्ध सम्वर्द्दन केन्द्र ( इन्कुवेशन सेन्टर) वा वैंक मार्फत पनि उपलव्ध गराउन सकिनेछ ।

**रणनीति ५ : स्टार्टअप उद्यमका लागि विदेशी लगानी, गैर आवासीय नेपालीको लगानी आकर्षित गर्न तथा धितोपत्र वजारमा प्रवेश गराउन सम्वन्धित कानूनमा आवश्यक परिमार्जन गर्ने (उद्देश्य ३ संग सम्वन्धित)**

**८. नीति तथा कार्यनीति**

८.२५. स्टार्टअप उद्यममा वैदेशिक लगानीलाई अभिवृद्धि गर्न लगानीकर्ता फर्म वा व्यक्ति तथा गैर आवासीय नेपालीले स्टार्टअप उद्यम तथा व्यवसायमा लगानी गर्दा विदेशी लगानी तथा प्रविधी हस्तान्तरण ऐनको व्यवस्था वमोजिम निर्धारित लगानीको न्यूनतम सीमालाई घटाइनेछ । स्टार्टअप अन्तर्गत गरिने व्यवसायको प्रकृति तथा सेवाको अतिरिक्त प्राइभेट इक्विटी, भेन्चर क्यापिटल सिरिज ए, भेन्चर क्यापिटल सिरिज बी, भेन्चर क्यापिटल सिरिज सी वा सोभन्दा माथिको लगानीका लागि छुट्टाछुट्टै न्यूनतम सीमा तय गरिनेछ।

८.२६. स्टार्टअप उद्यम असफल भई दामासाहीमा जाने अवस्था वा विघटन हुने अवस्थामा भेन्चर क्यापिटल, प्राईभेट ईक्विटी तथा ईन्भेष्टमेण्ट कम्पनीको लगानीको सुरक्षित व्यवस्थापनको लागि नेपाल सरकारले प्रिमियममा अनुदान प्रदान गर्ने गरी क्रेडिट ग्यारेण्टी योजना सञ्चालनमा ल्याईनेछ।

८.२७. स्टार्टअप उद्योग वा व्यवसायमा लगानी गर्ने प्राईभेट इक्विटी फण्डलाई धितोपत्र बजारमा प्रवेश गर्न अनुमती दिने शर्त तथा प्रकृयामा सरलीकरण गरिनेछ ।

८.२८. प्राईभेट इक्विटी र भेन्चर क्यापिटलका हकमा एकपल्ट नेपालमा लगानी गर्न स्वीकृत प्राप्त भइसकेको विदेशी लगानीबाट आर्जित रकमवाट स्टार्टअप व्यवसायमा पुन: लगानी गर्दा विदेशी लगानीको सीमा आकर्षित नहुने र स्विकृती आवश्यक नपर्ने कानूनी व्यवस्था गरिनेछ ।

**रणनीति ६ : स्टार्टअप उद्यम तथा व्यवसायका लागि आवश्यक लगानी जुटाउन संघ, प्रदेश र स्थानीय तहका वीचमा समन्वय, सहकार्य र साझेदारी गर्ने (उद्देश्य ३ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.२९. स्टार्टअप वातावरण (इकोसिस्टम) विकासको लागि आवश्यक नीति तर्जुमा र कार्यान्वयनमा सवै प्रदेश र स्थानीय तह बीच सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

८.३०. स्टार्टअप उद्यम वा व्यवसायलाई औद्योगिक ग्राम, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, तथा यस्तै अन्य संभावित क्षेत्र भित्र जग्गा उपलब्ध गराउन प्राथमिकता दिईनेछ ।

**रणनीति ७ : स्टार्टअप सम्वर्द्धन केन्द्र (Incubation Centre), गतिप्रदायक (Accelarator) कार्यक्रमको सन्चालन र स्टार्टअप इकोसिस्टम निर्माण गर्न श्रोत व्यक्ति, प्रशिक्षक र मेन्टरको आपूर्ति, व्यवस्थापन र क्षमता विकासमा सहजिकरण गर्ने (उद्देश्य ४ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.३१.स्टार्टअप सम्वर्द्धन केन्द्रको स्थापना,व्यवस्थापन र क्षमता विकासमा विभागले आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

८.३२. स्टार्टअप इकोसिस्टम निर्माण गर्न स्वदेशी तथा विदेशी कम्पनी, विश्वविद्यालय,वित्तीय स्रोत प्रवाह गर्ने संघ/संस्था, सेवा प्रदायक,अनुसन्धानकारी निकाथ, व्यवसायिक संस्थाहरु तथा सहयोगी संस्थाको वीच समन्वय र सहकार्य गरिनेछ ।

८.३३. विभागले स्टार्टअप इकोसिस्टमलाई प्रभावकारी वनाउन श्रोत व्यवस्थापन, प्रशिक्षक र मेन्टरको आपूर्ति र क्षमता विकासमा स्टार्टअप उद्यमी तथा व्यवसायीलाइ आवश्यक सहयोग र सहजीकरण गर्नेछ ।

**रणनीति ८ : स्टार्टअप व्यवसायलाइ प्रवर्द्धन गर्ने क्षेत्रीय र अन्तराष्ट्रियस्तरमा भएका अध्ययन, अनुसन्धान र असल अभ्यासलाइ आन्तरिकिकरण गर्ने (उद्देश्य ४ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.३४. स्टार्टअप उद्यम व्यवसायलाई प्रवर्द्धन गर्न राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता तथा स्थापित असल अभ्यासवाट लाभ लिन, नव-प्रवर्तन, नयाँ प्रविधि तथा उद्यमशिलताको विषयमा ज्ञान हासिल गरी तुलनात्मक लाभका क्षेत्र र प्रतिष्पर्धात्मक क्षमताका आधारमा नेपालमा संभाव्य स्टार्टअप व्यवसायको सम्वन्धमा अध्ययन एवम् अनुसन्धान गरिनेछ । स्टार्टअप उद्यम तथा व्यवसायको अभिवृद्धि तथा प्रतिष्पर्धात्मक क्षमता विकासमा सहयोग गर्न सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत अनुसन्धानकर्ता, विश्वविद्यालय, शैक्षिक संस्था तथा विज्ञलाई अध्ययन अनुसन्धान कार्यमा परिचालन गरिनेछ ।

८.३५. नेपाल र अन्य देशका स्टार्टअप उद्यम व्यवसायीकावीचमा पारस्परिक सम्वन्ध विकासका लागि उपलव्ध ज्ञान, सीप, प्रविधी र अनुभवको आदानप्रदान गर्न द्विपक्षीय क्षेत्रीय एवं वहुपक्षीय संवादको आधार तयार गरिनेछ । नेपालस्थित विदेशी कुटनितिक नियोग तथा विदेशमा रहेका नेपालका दूतावास तथा वाणिज्य नियोग, गैर आवासीय नेपाली संघ र नेपाली डायस्पोरालाई परिचालन गरिनेछ । द्विपक्षीय एवं वहुपक्षीय उच्चस्तरीय भ्रमण वा वार्तामा द्विपक्षीय एवम् वहुपक्षीय संवाद केन्द्र स्थापना तथा पूँजि एवम् प्रविधि हस्तान्तरण गर्ने विषयलाई समावेश गरिनेछ।

८.३६. स्टार्टअप गर्न चाहने संभावित उद्यमी र स्टार्टअपमा सफलता हाँसिल गरिसकेका उद्यमीबीच असल अभ्यास, ज्ञान र अनुभवको आदानप्रदान गर्न संवाद वा अन्तरक्रिया गराईनेछ। सफल स्टार्टअप व्यवसायीलाई व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो कार्य गर्न उत्प्रेरित गरिनेछ ।

८.३७. स्टार्टअप उद्यम वा व्यवसायको माध्यमवाट नव-उद्यमी तथा युवा पुस्तालाई रोजगारकर्मी भन्दा रोजगारदाता बन्न प्रोत्साहन तथा प्रेरणाका लागि स्वदेश र विदेशमा सफलता हाँसिल गरेका स्टार्टअप उद्यमीहरुको जीवनमा आधारित विषय नेपालका विद्यालय तथा कलेज स्तरीय पाठ्यक्रमहरुमा समावेश गरिनेछ ।

८.३८. राष्ट्रिय र अन्तराष्ट्रिय स्टार्टअप उद्यम सम्बन्धी सम्मेलन वा सभामा नेपालका उपयुक्त स्टार्टअप उद्यमी वा व्यवसायी वा विज्ञको सहभागितालाई प्रोत्साहन गर्न अनुदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

८.३९. राष्ट्रिय स्टार्टअप पुरस्कार सम्बन्धी एक विकसित र वैज्ञानिक प्रणालीको विकास गरिनेछ। विशिष्ट स्टार्टअप गर्ने उद्यमी र इकोसिस्टम विकासमा अतुलनीय योगदान पुऱ्याउने व्यक्ति, उत्कृष्ट स्टार्टअप सम्वर्धन केन्द्र (Incubation Center), गतिप्रदायक (Accelerator), मेन्टर, प्रशिक्षकलाइ वार्षिक रुपमा पुरस्कृत गरिनेछ । पुरस्कार सम्वन्धी अन्य प्रावधान कार्यविधिमा उल्लेख भए वमोजिम हुनेछ।

**रणनीति ९ : तीनैतहका सरकार, निजी क्षेत्र, वित्तीय क्षेत्र, विश्वविद्यालय र अध्ययन अनुसन्धान केन्द्र र सरोकारवालासंगको आपसी समन्वय, सहयोग, सहकार्य र साझेदारी विकास गर्ने (उद्देश्य ४ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.४०. मन्त्रालयले प्रदेश एवम् स्थानीय तह, व्यापारिक तथा औद्योगिक समूह, विश्वविद्यालय वा कलेजसंगको लागत साझेदारीमा सम्वर्धन केन्द्र (Incubation Centre) संचालन गर्नेछ ।

८.४१. नेपाल सरकारका संघीय निकाय, प्रदेश र स्थानीय तह बीच स्टार्टअप उद्यम व्यवसाय प्रवर्द्धनका लागि स्रोत व्यवस्थापन, क्षमता विकास तथा वजार पहुँच विस्तारमा समन्वय,सहकार्य र साझेदारी विकास गरिनेछ ।

८.४२. स्टार्टअप उद्यम व्यवसाय प्रवर्द्धनका लागि निजीक्षेत्र,गैर सरकारी क्षेत्र, व्यबसायिक संगठनहरु, विकास साझेदार, बैङ्क तथा वित्तीय संस्था, विश्वविद्यालय, अध्ययन अनुसन्धान केन्द्र,सेवा प्रदायक तथा सहयोगी संस्थाको वीचमा साझेदारी र सहकार्य गरिनेछ ।

८.४३. सरकार, शैक्षिक तथा अनुसन्धानकारी निकाय एवम् उद्योगी व्यावसायीको नेतृत्वदायी संघ/ संगठनका वीचमा स्टार्टअप प्रवर्द्धन सम्वन्धी कार्यक्रम निर्माण,सञ्चालन, स्टार्टअपको नतिजा तथा प्रभाव अनुगमन एवम् मुल्याङ्कनका कार्यमा साझेदारी गरिनेछ ।

**रणनीति १० : नविनतम सोच भएका नेपाली प्रतिभा र उद्यमको पहिचान विदेशमा समेत विस्तार गरी निर्यात प्रवर्द्धन र विदेशी पूंजी भित्र्याईने (उद्देश्य ५ संग सम्वन्धित)**

८. नीति तथा कार्यनीति

८.४४ नेपालका स्टार्टअप उद्यम व्यवसायलाई विदेशमा समेत उद्यम विस्तारलाई प्रोत्साहन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

८.४५. नेपाली स्टार्टअपको अन्य मुलुकमा विस्तारको लागि विदेशमा रहेका नेपाली कुटनीतिक नियोगलाई परिचालन गरिनेछ ।

८.४६. विदेशमा विस्तार भएका स्टार्टअप उद्यम मार्फत विदेशी मुद्रा भित्र्याउने व्यवस्थालाई सरलीकृत गरिनेछ ।

## ९. स्टार्टअप उद्यम वा व्यबसायको परिभाषा

"उद्यमशिल समूहले वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नविन अन्वेषण एवम् सृजनशिल सोचको प्रयोग गरी व्यावसायिक रुपमा सञ्चालन भई स्तरोन्नतीको सम्भावना रहेको उद्यम वा व्यवसाय नै स्टार्टअप हो"।

१) स्टार्टअप उद्यम व्यबसायको परिभाषा अन्तर्गत साना तथा मझौला उद्योग व्यवसायलाइ स्वत: समावेश गरिनेछैन्। तर, स्टार्टअप उद्यम वा व्यवसायको दर्ता अर्को व्यवस्था नभएसम्मका लागि प्रचलित औद्योगिक व्यवसाय ऐन वमोजिम लघु तथा साना उद्योग अन्तर्गत हुनेछन।

२) दफा १ को परिभाषाको अधिनमा रही स्थापना वा सन्चालन भएको सात वर्ष अवधि ननाघेको देहायका मापदण्डमध्ये वुदाँ नं. १.२.५ देखि १.२.७ सम्मका मापदण्ड मध्येवाट न्यूनतम दुइ सहित कम्तिमा पाँच मापदण्ड पूरा गर्ने वा गरेका उद्यम वा व्यवसायलाई स्टार्टअप उद्यमको रुपमा व्याख्या र वर्गीकरण गरिनेछ ।

(क) पूर्णकालिन कामदारको संख्या दश जना भन्दा बढी नभएको ,

(ख) वार्षिक कूल आय(Gross Income) रु.५० लाख भन्दा बढी नभएको,

(ग) स्थिर पूंजी (जग्गाको मूल्य समेत) रु.२ करोड भन्दा बढी नभएको,

(घ) चुक्ता पूँजी रु.५० लाख भन्दा बढी नभएको,

(ङ.) कुनै वस्तु तथा सेवाको उत्पादन, विकास वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग एवं सिर्जनशिल सोंचको प्रयोगको कार्य,

(च) उद्यमले वार्षिक रुपमा गर्ने कूल खर्चको कम्तिमा १० प्रतिशत अंश उत्पादन विकास (Product Development), बजार विकास एवं अनुसन्धान र विकासमा खर्च गर्ने गरेको ।

(छ) उद्यमको बौद्धिक सम्पत्तिको पेटेन्ट वा डिजायन वा सफ्टवेयर दर्ता भएको वा पेटेन्ट वा डिजायन वा सफ्टवेयर दर्ता गर्न योग्य रहेको ।

(ज) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि यस नीति वमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यम व्यवसायलाई स्टार्टअप व्यवसाय मानिने छैन:-

१) प्रचलित कानून वमोजिम नेपालमा दर्ता नभएको,

२) वस्तु वा सेवाको खरिदविक्री (एजेन्सी मोडेल) को कार्य गर्ने व्यवसाय,

३) विद्यमान कम्पनी वा व्यवसायलाई टुक्राएर वनाइएको वा सहायक कम्पनी वा फर्मको रुपमा काम गर्ने,

४) सूचना प्रविधि एवं नविनतम सोंचको प्रयोग नगरी वस्तु वा सेवा विदेशवाट आयात गर्ने कार्य,

५) कर्जा सूचना केन्द्रमा कालोसूचिमा परेको वा त्यस्तो व्यक्तिवाट सञ्चालन भएको,

६) कर प्रयोजनको लागि स्थायी लेखा नम्बर नलिएको,

७) होल्डिङ्ग कम्पनीको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मझौला वा ठूला उद्योगको वर्गिकरणमा पर्ने उद्यम

८) प्रचलित कानूनले प्रतिवन्ध लगाएका अन्य विषय ।

३) उद्यम वा व्यवसायको क्षेत्रः- स्टार्टअप व्यवसायको रूपमा देहायका उद्यम सञ्चालन हुन सक्नेछन् :-

(क) कृषि, तथा पशुपन्छीमा आधारित,

(ख) वन (जडीबुटी, वन पैदावार) मा आधारित,

(ग) पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित,

(घ) विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित,

(ङ) मानव स्वास्थ्य सेवासँग सम्बन्धित,

(च) शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित,

(छ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित,

(ज) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित,

(झ) विद्युतीय सवारी साधन तथा अटोमोबाइलसँग सम्बन्धित,

(ञ) परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रियामा सुधारसँग सम्बन्धित,

(ट) खनिज, अनुसन्धान र विकाससँग सम्बन्धित,

(ठ) घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने प्रकृतिका,

(ड) वस्तु वा सेवाको वितरण प्रणाली सम्वन्धित,

(ढ) परम्परागत पेशा तथा उद्यमको पुनर्जागरण सम्वन्धित,

(ण) परिषदले तोकेको अन्य विषय ।

**१०. संस्थागत व्यवस्था**

१) नेपाल स्टार्टअप परिषद

स्टार्टअप उद्यम व्यवसायको प्रवर्द्धन तथा विकास गर्न, व्यवसाय सञ्चालनमा देखिएका समस्या समाधान सहित स्टार्टअपको अवधारणालाइ नव-उद्यमी र युवा वर्गमा स्थापित गर्न समन्वय र सहजीकरणका गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा सम्वद्ध सरकारी निकाय तथा सरोकारवालाको प्रतिनिधित्व हुने गरी देहायबमोजिमको नेपाल स्टार्टअप परिषद गठन गर्नेछः-

(क) मन्त्री वा राज्यमन्त्री, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय — अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (~~उद्योग क्षेत्र हेर्ने~~) — सदस्य

(ग) गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य

(घ) सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग हेर्ने) | सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय | सदस्य

(च) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य

(छ) अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य

(झ) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | सदस्य

(ञ) अध्यक्ष, महिला उद्यमी महासंघ | सदस्य

(ट) महानिर्देशक, उद्योग विभाग | सदस्य सचिव

(२) 'परिषदले आवश्यक देखेमा सम्वन्धित विषयको विज्ञ, नेपाल सरकार वा प्रदेश सरकारको कुनै पदाधिकारी वा अधिकृत कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) परिषदको बैठक आवश्यकता अनुसार जुनसुकै बखत बस्न सक्नेछ ।

(४) परिषदको सदस्य सचिवले समितिको अध्यक्षसंगको परामर्शमा समितिको बैठकमा पेश हुने कार्यसूची निर्धारण गरी सोको जानकारी समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) परिषदको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्वन्धमा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्वन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुदैन ।

(६) परिषदले स्टार्टअप सम्वन्धित कुनै खास विषयमा अध्ययन अनुसन्धान तथा विशेष प्रयोजनका लागि विज्ञहरु समेत रहनेगरी समितिका सदस्यहरु मध्येवाट आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(७) परिषदले गरेका निर्णयहरु सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(८) परिषदको सचिवालय विभागमा रहनेछ ।

(९) परिषदको बैठक सम्वन्धि अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. परिषदको काम, कर्तव्य र अधिकार

१. परिषदको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः-

(क) स्टार्टअप उद्यम सम्वन्धी नीति, ऐन, नियमहरुको तर्जुमा एवं कार्यान्वयनमा नीतिगत सहजिकरण र मार्गनिर्देशन गर्ने,

(ख) स्टार्टअप नीतिको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सरोकारवालावीच समन्वय र सहयोग वृद्धि गर्ने,

(ग) स्टार्टअप सम्वन्धि कार्य गर्ने निकायलाई स्टार्टअपका विभिन्न क्षेत्र/उपक्षेत्रहरुमा लक्ष्य तोकिदिने, सो उपर समिक्षा गर्ने गराउने र सो क्षेत्रको समग्र मूल्यांकन तथा लेखाजोखा गरी नेपाल सरकारलाई सुझाव प्रदान गर्ने,

(घ) नेपाल स्टार्टअप कोषको संन्चालनका लागि स्रोत व्यवस्थापन गर्ने,

(ङ) परिषदको अन्य काम, कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ ।

## १२. राष्ट्रिय स्टार्टअप कार्यान्वयन समिति

(१) यस नीतिको समग्र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न, स्टार्टअप उद्यम छनौट गर्न, स्टार्टअप अनुकूल इकोसिस्टम निर्माण एवं नवपर्वतनलाई संरक्षण एवं प्रवर्द्धन गरी स्टार्टअप उद्यमहरुलाई आवश्यक नीतिगत, आर्थिक, प्राविधिक लगायतका क्षेत्रहरुमा सहयोग गर्न सो सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न देहाय बमोजिम राष्ट्रिय स्टार्टअप कार्यान्वयन समिति रहनेछ ।

क) महानिर्देशक, उद्योग विभाग................................................................................संयोजक

ख) उपसचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय(औद्योगिक नीति तथा सहजीकरण शाखा)...सदस्य

ग) उपसचिव, कम्पनी रजिष्ट्रारको कार्यालय.......................................................................सदस्य

घ) उपसचिव,वाणिज्य तथा आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभाग..............................सदस्य

ङ.) निर्देशक, उद्योग विभाग(प्रविधि शाखा)..................................................सदस्य सचिव

२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । समितिले आवश्यक ठानेमा उद्योग वाणिज्य क्षेत्रसंग सम्बन्धित संघ संगठनहरुमा स्टार्टअप हेर्ने प्रतिनिधि, प्राईभेट इक्विटी भेन्चरर्स तथा स्टार्टअप क्षेत्रका विज्ञहरुलाइ समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## १३. विभागको काम, कर्तव्य र अधिकार

(क) स्टार्टअप दर्ता, नविकरण, स्तरोन्नती, प्रमाणिकरण, प्राप्ति, मर्जर तथा खारेजी सम्वन्धि कार्य गर्ने,

(ख) व्यवसाय सम्वर्धन केन्द्रहरु र गतिप्रदायकहरुको को वर्गीकरण, (Classification) प्रमाणीकरण (Certification) र प्रत्यायान (Accreditation) सम्बन्धी कार्य गर्ने,

(ग) स्टार्टअपलाई अनुशिक्षण गर्न मेन्टरहरुको मापदण्ड र योग्यता निर्धारण गर्ने । मेन्टरहरुको प्रमाणीकरण तथा प्रत्यायान (Accreditation) तथा उत्कृष्ट प्रशिक्षकको वर्गीकरण समेत गर्ने,

(घ) प्रदेश सरकार र स्थानीय तहको स्टार्टअप हेर्ने निकाय र सम्वर्द्दन केन्द्र (ईन्कुवेशन), गतिप्रदायक (एक्सिलेरेटर), प्रशिक्षक (मेण्टर) र अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि सहजिकरण र समन्वय गर्ने,

(ङ) विश्वविद्यालय वा कलेज वा उद्योग व्यवसाय सम्बन्धी प्रतिष्ठान वा फोरमहरुले गतिप्रदायकको रुपमा कार्य गर्न मापदण्ड निर्धारण गर्ने र अनुमति प्रदान गर्ने,

(च) नेपाल स्टार्टअप कोष सञ्चालन गर्ने, स्रोत व्यवस्थापन गर्ने, कोष सञ्चालनमा आर्थिक सुशासन कायम गर्ने, गराउने, आर्थिक सहायता तथा सुविधाको दुरुपयोग गरेमा सम्बन्धित व्यक्ति वा फर्मलाई नियमानुसार कारवाही गर्ने गराउने,

(छ) स्टार्टअप क्षेत्रको सुविधा एवं सहुलियतसम्बन्धी गुनासो तथा समस्या समाधान गर्ने,

(ज) स्टार्टअप सम्बन्धी अनुकूल इकोसिस्टम संचालन गर्न केन्द्रीय निकायका रुपमा नीतिगत, समन्वयकारी तथा प्रवर्धनकारी कार्यहरु सम्पादन गर्ने,

(झ) परिषदले निर्देशन गरेका विषयहरु कार्यान्वयन गर्ने, गराउने,

(ञ) स्टार्टअप सम्बन्धी नीतिगत र कार्यविधिगत विषयहरु स्वीकृतिका लागि परिषद समक्ष पेश गर्ने,

(ट) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन्।

**१४. स्टार्टअप सम्वर्धन केन्द्र (Incubation center)**

उद्यमशिलताको विकासका लागि स्टार्टअप इकोसिष्टमलाई प्रवर्द्धन र सुदृढ गर्न तथा व्यावसायिक सल्लाह, सहयोग लगायतका कार्यक्रमहरु सन्चालन गरी सोंचलाई उद्यमसंग जोड्न र विचारलाई वजारीकरण गर्नका लागि आवश्यक साधन स्रोत उपलब्ध गराउनु, मेन्टर्रसिप, कोचिङ, तालीम, बजारीकरण, नेटर्वाकिङ लगायतका कार्यक्रमहरु सन्चालन गरी उद्यमी बन्नका लागि अनुकुल वातावरणको सिर्जना गर्नु स्टार्टअप सम्वर्धन केन्द्रको मुख्य भूमिका हुनेछ ।

१) प्रारम्भिक सोचको चरणमा स्टार्टअपहरुलाई सम्वर्धन गर्न निर्धारित मापदण्ड भित्र रही कार्य गर्ने गरी सातै प्रदेशमा एक एक वटा स्टार्टअप सम्वर्धन केन्द्र (Incubation Centre), इन्नोभेशन सेन्टर र विजनेश ल्यावहरु संचालनमा ल्याईनेछ ।

२) विश्वविद्यालयस्तरीय सम्वर्द्धन केन्द्र, कलेजस्तरीय सम्वर्धन केन्द्र तथा निजी सम्वर्धन केन्द्रहरु संचालन हुने वातावरण मिलाईनेछ ।

३) हरेक सम्वर्धन केन्द्रहरुले अन्य सेवाका अतिरिक्त स्टार्टअप उद्यमीहरुलाई प्रारम्भिक समयमा ल्याबसहितको अत्याधुनिक कार्यस्थल, कानूनी, प्राविधिक, लेखा, वित्तिय, बजार, वस्तु वा सेवाको विकास र ब्राण्ड वा बौद्धीक सम्पति लगायतमा तालिम तथा प्रशिक्षण सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

४) सम्वर्धन केन्द्रले आफुद्धारा प्रशिक्षणमा संलग्न गराउने दक्ष प्रशिक्षकहरुको रोष्टर (सूची) तयार गरी विभागवाट स्विकृत भएको हुनुपर्नेछ ।

## १५. प्रशिक्षक (मेन्टर) सम्वन्धी व्यवस्था

१) यस नीति वमोजिम उपलव्ध गराईने अनुदान तथा कर्जा वाट संचालित स्टार्टअपलाई अनुशिक्षण गर्न विभागले निर्धारण गरेको मापदण्ड अनुसार मेण्टरिङसम्बन्धी कार्य गर्ने गरी विभागले प्रशिक्षकको सूची (रोष्टर)तयार गर्नेछ ।

२) प्रशिक्षक (मेन्टर) को योग्यता विभागले तोकेबमोजिम हुनेछ । विभागले मेण्टरहरुको समूह तयार गर्न प्रशिक्षक तालिम उपलव्ध गराउने लगायत तिनीहरुको प्रमाणीकरण तथा प्रत्यायान (Accreditation) तथा उत्कृष्ट प्रशिक्षकको वर्गीकरण समेत गर्नेछ ।

३) स्टार्टअप उद्यम गर्ने उद्यमीले स्वीकृत सुचीवाट आवश्यकताअनुसार प्रशिक्षक(मेन्टर)को सेवा उपयोग गर्न सक्नेछ । सो वापत लाग्ने पारिश्रमिक उद्यमी स्वमले व्यहोर्नु पर्नेछ ।

४) मेण्टरहरुको समूहको विकास गर्न विभागले विदेशी प्राविधिज्ञ सहयोग तथा आदानप्रदान कार्यक्रम सम्बन्धी कार्यक्रमहरु संचालन गर्नेछ ।

## १६. गतिप्रदायक (accelerator)

१) व्यवसाय संचालन गरिसकेका स्टार्टअपहरु मध्येबाट भविष्यमा तिव्र वृद्धिको संभावना भएका स्टार्टअपहरुको अवश्थाको आवश्यक अध्ययन गरी यस्ता केहि स्टार्टअपहरुलाई एक्सिलरेटरका लागि छनौट गरिने छ ।

२) विभागले निर्धारण गरेको मापदण्डभित्र रहेर विश्वविद्यालय वा शैक्षिक संस्था वा उद्योग व्यवसाय सम्बन्धी प्रतिष्ठानहरुले गतिप्रदायकको रुपमा कार्य गर्न सक्नेछन् ।

३) गतिप्रदायकहरुको सूचिकरण, वर्गीकरण र प्रमाणीकरणका साथै अनुगनम सम्बन्धी कार्य विभागले गर्नेछ ।

## १७. स्टार्टअप ईकोसिस्टम

१) मन्त्रालय तथा विभागले स्टार्टअप, उद्यमशिलता, लगानी तथा जोखिम व्यवस्थापन क्षेत्रमा काम गरेका विज्ञ व्यक्ति, व्यबसायीक संगठन, सघं संस्था , सहयोगी संस्थाहरु, सेवा प्रदायकहरु,अनुसन्धानकारी निकायहरु,शिक्षण संस्था र विश्वविद्यालयहरुसंग सहकार्य गरी स्टार्टअप व्यवसाय सन्चालन तथा नवप्रवर्तनका लागि आवश्यक सिप, उत्प्रेरणा एवं प्रविधि निर्माणमा काम गर्ने वातावरण (ईकोसिस्टम) निर्माण गर्नेछ ।

२) उपरोक्त ईकोसिस्टममा नवप्रवर्तन अवधारणाको विश्लेषण, संभावनाको पहिचान, परियोजनाको तयारी, प्रयोग र परिक्षण एवं सो को व्यवस्थापनको लागि उत्प्रेरणा प्रदान गरिनेछ ।

३) ईकोसिस्टम निर्माण गर्न आवश्यक हुने वित्तीय श्रोत मन्त्रालय र निर्जा क्षेत्रले जुटाउनेछन ।

४) यस नीति वमोजिम अनुदान तथा कर्जा प्राप्त गर्ने स्टार्टअप उद्यमिले आफुलाइ आवश्यक पर्ने सिप,उत्प्रेरणा,प्रविधि,यन्त्र उपकरण र परामर्श सेवा न्युनतम लागतमा प्राप्त गर्नेछन ।

५) ईकोसिस्टम संचालनका लागि मन्त्रालयले शिक्षण संस्था तथा विश्वविद्यालयहरुलाई आवश्यक पर्ने लगानीको व्यवस्था गर्नेछ ।

## १८. आर्थिक पक्ष

१) प्रस्तुत नीति कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरि वजेट व्यवस्था गरिने छ।

२) नेपाल सरकारले स्टार्टअप उद्यम लाई लगानी गर्न एक "नेपाल स्टार्टअप कोष" स्थापना गर्नेछ। कोषको रेखदेख तथा कार्यान्वियन नेपाल राष्ट्रवैंक मार्फत स्टार्टअप उद्यम कार्यान्वयन समितिले गर्नेछ। सो को कार्यान्वयन सम्वन्धी छुट्टै कार्यविधि तयार गरिने छ। कोषमा देहायवमोजिमको स्रोतबाट प्राप्त रकम हुनेछ:

- नेपाल सरकारबाट प्राप्त रकम,
- वैदेशिक सहयोग वाट प्राप्त रकम,
- निजी क्षेत्रवाट प्राप्त रकम,
- विभिन्न व्यक्ति एवम् संघ संस्थावाट प्राप्त रकम
- अन्य स्रोतवाट प्राप्त रकम

कोषबाट खर्च गरिने क्षेत्र तथा बिषय कार्यबिधिमा उल्लेख भएबमोजिम हुनेछ।

३) नीति कार्यान्वियन गर्न आवश्यक पर्ने स्रोत कार्यक्रम तर्जुमा गर्दा निर्क्यौल गरी प्रस्ताव गरिनेछ। खर्च व्यवस्थापन, लेखांकन र लेखा परीक्षण प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ।

## १९. कानूनी व्यवस्था

१) यस नीतिमा उल्लिखित प्रावधान कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरु तर्जुमा गरिने छ। नीति कार्यान्वयन गर्न आवश्यक प्रचलित उद्योग व्यवसाय संग सम्वन्धित ऐन कानूनहरुमा समसामयिक परिमार्जन एवं संशोधन गरिने छ।

२) प्रदेश र स्थानीय तहमा स्टार्टअप उद्यम व्यवसाय प्रवर्द्धन तथा विकासका लागि तर्जुमा गरिने नीति तर्जुमा र कार्यान्वयनमा संघले सहयोग गर्नेछ।

३) स्टार्टअप इकोसिष्टमलाई प्रवर्द्धन र सुदृढ गर्न आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरु नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयले तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

## २०. अनुगमन र मूल्यांकन

१) यस नीतिको कार्यान्वयनको अवस्था, अपेक्षित प्रतिफल र उद्देश्यहरु हासिल भए नभएको अनुगमन र मूल्यांकन गर्ने जिम्मेवारीका साथ समग्रमा समन्वय र सम्पर्क मन्त्रालयको रुपमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय रहनेछ।

२) अनुगमन र मूल्याकनका लागि सहभागितामूलक अनुगमन प्रणाली अवलम्वन गरिने छ।

३) यस नीतिको प्रत्येक २ बर्षमा समिक्षा गरी आवश्यकताअनुसार पुनरावलोकन गरिने छ।

४) प्रदेश र स्थानीय तहका स्टार्टअप उद्यमको अनुगमन र मूल्याकंन सम्वन्धित प्रदेश र स्थानीय तहवाट गर्नुपर्नेछ।

२१. जोखिम

१) स्टार्टअप क्षेत्रको योगदान मुलुकको आर्थिक विकासमा महत्वपूर्ण भएको, यस क्षेत्रको विकास र विस्तार द्वारा रोजगारि श्रृजना र आय आर्जनमा वृद्धि हुने सन्दर्भमा निम्न विषयमा ध्यान दिन नसकेमा प्रस्तुत नीति कार्यन्वयनमा जोखिम सृजना हुन सक्दछ।

(क) स्टार्टअप पूर्वाधार र ईकोसिस्टमको उपलब्धता र सरकारको प्राथमिकता .

(ख) नेपाल स्टार्टअप कोष/च्यालेन्ज फण्डको प्रत्याभूति,

(ग) सम्वन्धित कानूनहरुमा संसोधन र परिमार्जन,

(घ) स्टार्टअप सम्वर्धन केन्द्र, प्रशिक्षक तथा गतिप्रदायकहरुको उपलब्धता र सक्रियता,

(ङ) नीतिमा व्यवस्था भएको वित्तीय सुविधाको उपलब्धता,

(ज) तीनै तहका सरकारका योजना,कार्यक्रम र वजेटवीच सामन्जस्यता,

(झ) व्यवसायीहरुवीच स्वस्थ प्रतिस्पर्धा र वजारमा सहज पहूच,

(ञ) समय समयमा विश्वमा घटने घटना तथा आर्थिक उतार चढाव,

(ट) उद्यमी, सार्वजनिक सहकारी तथा नीजि सरोकारवालाहरु विच समन्वय तथा सहकार्य।

२२. वाधा अड्काउ फुकाउ:

यो नीति कार्यान्वयनमा कुनै समस्या वा वाधा आएमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले वाधा अड्काउ फुकाउनेछ।

## अनुसूचि १

### १. स्पष्टिकरण प्रयोजनको लागि परिभाषा

(१) क्राउड फण्डीङ- कुनै विषेश कार्य वा प्रयोजनको लागि धरै मानिसहरुसंग थोरै थोरै रकम र छोटो समयको लागि चन्दा वा आर्थिक सहयोगको रुपमा रकम वन्दोवस्त गर्ने प्रकृया । यस्तो फण्ड प्रायजसो परिवार, साथिभाईहरु,उपभोक्ता तथा लगानीकर्ताहरुवाट अनलाईन माध्यमवाट उठाउने गरिन्छ ।

(२) गतिप्रदायक कार्यक्रम (एविसलेरेटर प्रोग्राम) -व्यवसाय संचालन गरिसकेका स्टार्टअपहरु गध्येबाट भविष्यगा तिव्र वृद्धिको संभावना भएका तर हाल रुग्ण अवश्थामा रही न्यून उत्पादन भएका स्टार्टअपहरुलाई आवश्यक पर्ने सवै प्रकारको सहयोग उपलव्ध गराई गतिवान वनाउने कार्यक्रमहरुलाई जनाउंछ ।

(३) धितोपत्र- "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ ।

(४) प्राइभेट इक्विटी फण्ड - भन्नाले स्टार्टअप उद्यमको(यस नीतिको) उद्येश्य प्राप्तीको लागि सर्वप्रथम स्व:पूंजी वा साधारण शेयरमा परिवर्तनीय धितोपत्र वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्सट्रुमेन्ट) वा ऋण वा स्व:पूंजीसंग सम्वन्धित अन्य उपकरणमा लगानी गर्ने कोष वा लगानी गर्ने कम्पनिका साझेदारहरुको ईच्छा बमोजिम लगानी गर्ने कोष सम्झनु पर्छ । तर ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्सट्रुमेन्ट) वा ऋणमा गरिने लगानी रकमको प्रतिशत परिषदले तोके वमोजिम हुनेछ ।

(५) भेन्चर क्यापिटल फण्ड - भन्नाले धितोपत्र सूचिकरण नभएका, संचालनको शुरुवाती क्रममा रहेका वा संचालनको प्रक्रिया अगाडि बढिसकेका वा संचालनमा रहेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयां वस्तु, सेवा , प्रविधि वा वौद्धिक सम्पत्तीसंग सम्वन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई संचालन गर्न शेयर स्वामित्व, पूजीं वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्सट्रुमेन्ट) वा ऋण लगानी गर्ने कोषलाई सम्झनु पर्छ । तर ,ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्सट्रुमेन्ट) वा ऋणमा गरिने लगानी रकमको प्रतिशत वोर्डले तोके वमोजिम हुनेछ ।

(६) भेन्चर क्यापिटल सिरिज ए, भेन्चर क्यापिटल सिरिज बी, भेन्चर क्यापिटल सिरिज सी- भेन्चर क्यापिटल फण्ड आवश्यक पर्ने स्टार्टअपहरुको माग र आवश्यकताको पहिचान र विश्लेषण वमोजिम चाहिने लगानीको आकार जति लगानी वढ्दै जान्छ, त्यति नै सिरिजको आकार ए वाट बी र बी वाट सी हुंदै जान्छ ।

(७) मन्त्रालय -भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई जनाउदछ ।

(८) परिषद- भन्नाले यस नीति बमोजिम गठन भएको नेपाल स्टार्टअप परिषदलाई जनाउछ ।

(९) विभाग- भन्नाले उद्योग विभागलाई जनाउदछ ।

(१०) समिति- भन्नाले यस नीति वमोजिम गठन भएको नेपाल स्टार्टअप कार्यान्वयन समितिलाई जनाउंदछ ।

(११) सम्वर्धन केन्द्र (ईन्क्युवेशन सेन्टर)- प्रारम्भिक सोचको चरणमा स्टार्टअपहरुलाई सम्वर्धन गर्न स्टार्टअप उद्यमीहरुलाई प्रारम्भिक समयमा ल्याबसहितको अत्याधुनिक कार्यस्थल, कानूनी, प्राविधिक, लेखा, वित्तिय, बजार, वस्तु वा सेवाको विकास र ब्राण्ड वा बौद्धिक सम्पति लगायतमा तालिम तथा प्रशिक्षण सेवा सुविधा उपलव्ध गराउने केन्द्र लाई सम्झनुपर्दछ ।